# कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति
**कालीमाटी, काठमाडौं**

# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.ब. २०७९/८०

**माघ - चैत्र**

**प्रकाशक**

**कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति**

**कालीमाटी, काठमाडौं**

२०८०, बैशाख

# कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति
# कालीमाटी, काठमाडौं

## सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## सूचना सार्वजनिक गरेको अवधि :- आ.ब. २०७९/८०, माघ - चैत्र

### (१) निकायको स्वरूप र प्रकृति :

**पृष्ठभूमि**

अर्थव्यवस्थाको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्र निर्वाहमुखी उत्पादनवाट व्यावसायिक उत्पादन तर्फ अभिमुख भैरहेको छ । अधिकांस कृषकहरु परम्परागत अन्नवाली उत्पादनवाट तरकारी तथा फलफूल जस्ता अधिक मूल्य पर्ने वालीहरुको उत्पादन तर्फ आकर्षित हुदै गइरहेका छन् । मुख्यतः यस्ता प्रकारका अधिक मूल्य पर्ने वालीहरुको उत्पादन अभिमुखीकरणमा सरकारी र अन्य निकायहरुको प्रयास, कृषक तथा उत्पादकहरुको परिश्रम तथा उत्पादनवाट राम्रो प्रतिफलको कारणले खेती गरिने क्षेत्र तथा उत्पादनमा पनि हरेक वर्ष वृद्धि भइरहेको वर्तमान यथार्थ रहेको छ । विगतका योजनावद्ध आर्थिक विकास अन्तरगत उत्पादनमुखी कृषि योजनाहरुको फलस्वरुप कृषि क्षेत्रको उत्पादनमा उल्लेखनीय प्रगति भएको देखिन्छ । तथापी कृषि वस्तुहरुको वजारीकरण समस्याग्रस्त रहेको यर्थाथलाई महसुस गरी तात्कालीन समयमा नेपाल सरकारले “खाद्य तथा कृषि वजार सेवा विभाग” स्थापना गरी विभिन्न क्षेत्र र जिल्लाहरुमा यसका इकाइहरु स्थापना गरिएका थिए ।

**कालीमाटी वजार र यसको विकास क्रम**

कालीमाटी वजार लामो समयदेखि काठमाण्डौं उपत्यका तथा छिमेकी जिल्ला र क्षेत्रहरुको लागि कृषिवस्तुहरु विशेषतः तरकारी तथा फलफूलहरुको वेचविखन गर्ने थलोको रुपमा रहदै आएको पाइन्छ । काठमाण्डौं उपत्यका क्षेत्रभित्र तरकारी तथा फलफूलको वितरण व्यवस्थालाई व्यवस्थित गराउने अभिप्रायले नेपाल सरकारले तत्कालीन काठमाण्डौं काठमाण्डौं नगरपालिका हालको काठमाण्डौं महानगरपालिका वडा नं १३ कालीमाटी/टंकेश्ववर क्षेत्रमा जग्गा अधिग्रहण सम्वन्धी कार्य प्रारम्भ गरेको थियो । २०४३ आश्विन १५ गतेका दिन देखि सामान्य वजार संरचना सहित नेपाल सरकारले तत्कालीन “खाद्य तथा कृषि वजार सेवा विभाग” अन्तरगत कालीमाटी वजारको स्थापना भई ०४९ साल सम्म सोही निकाय अन्तरगत संचालनमा रहेको थियो । तत्पश्चात ०५१ माघ मसान्त सम्म यो वजार तत्कालीन “कृषि विभाग, वजार विकास महाशाखा” अन्तरगत संचालनमा थियो ।

यस अवधिको वजार संचालनको क्रममा वजार आगमनको र कारोवारको स्थितिमा भएको विस्तार एवं वजार प्रयोगकर्ताहरुको वढ्दो चापका कारणले यस वजारलाई एउटा सुविधासम्पन्न व्यवस्थित वजारको रुपमा रुपान्तरित गरिनुपर्ने आवश्यकता महशुस भई नेपाल सरकार तथा संयुक्त राष्ट्र संघीय पूँजी विकास कोष (UNCDF) का वीच सन् १९९० मा “ कालीमाटी थोक वजार परियोजना सम्झौता (NEP/89/CO1) भए अनुसार कालीमाटी स्थित सुविधा सम्पन्न वजार निर्माण भएको थियो ।

**समितिको स्थापना**

कालीमाटी तरकारी वजारको निर्माण तथा व्यवस्थापनको लागि एउटा स्वायत्त निकायको आवश्यकता महशुस गरी नेपाल सरकारद्वारा विकास समिति ऐन-२०१३ अर्न्तगत वि.सं. २०५१ फागुन १ गते “कालीमाटी फलफूल तथा तरकारी थोक वजार विकास समिति (गठन) आदेश, २०५१” जारी गरियो । समितिको कार्य क्षेत्रलाई विस्तार गर्ने अभिप्रायले नेपाल सरकारले वि. सं. २०५८ चैत्र १९ गते साविकको आदेश खारेज गरी सोही ऐन अन्तरगत “कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति (गठन) आदेश, २०५८” जारी गरे अनुसार हाल सोही बमोजिम समिति सँचालनमा रहेकोछ । नेपाल सरकारको निर्णय अनुसार संघीय संरचना बमोजिम यस समितिलाई संघ अर्न्तगतको निकाय कायम गरिएकोछ ।

समितिको स्वामित्वमा रहेको कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभारमा करिव २२ रोपनी जग्गामा फलफूल तथा पुष्पबजार निर्माणाधिन अवस्थामा छ । यसै गरी धादिङ्ग नौविसे स्थित आफ्नै स्वामित्वको करिव ४.५ रोपनी जग्गामा सङ्कलन केन्द्र स्थापना गर्ने समितिले सोच राखेको छ ।

**समितिको संरचना**

समितिको वर्तमान गठन आदेश अनुसार हाल समिति संचालनको लागि ११ जनाको प्रतिनिधित्व रहेको देहाय अनुसारको एक समितिको व्यवस्था भएको छ ।

- राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरु मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष
- कार्यक्रम निर्देशक, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग - सदस्य
- वडा अध्यक्ष, कालीमाटी फलफुल तथा तरकारी बजार रहेको वडा, काठमाण्डौ महानगपालिका - सदस्य
- नेपाल सरकारले मनोनयन गरेको कृषक प्रतिनिधि ३ जना - सदस्य
- कालीमाटी फलफुल तथा तरकारी बजारमा व्यवसाय गर्ने तथा तरकारी व्यवसायीहरुले आफूहरु मध्येबाट निर्वाचन गरी पठाएका कम्तिमा एकजना महिला सहित ३ जना - सदस्य
- कालीमाटी फलफुल तथा तरकारी बजार विकास समिति स्वतन्त्र कर्मचारी यूनियनको प्रतिनिधि - सदस्य
- समितिको कार्यकारी निर्देशक - सदस्य सचिव

## २ समितिको काम कर्तव्य र अधिकार

- “कालीमाटी फलफूल तथा तरकारी वजार विकास समिति ०५८” अनुसार समितिको काम कर्तव्य र अधिकार यस प्रकार रहेको छ ।
- बजार व्यवस्थापनको सन्दर्भमा नीति निर्धारण गर्ने र सो को कार्यान्वयन गर्ने,
- बजार स्थलमा विक्री वितरण हुने बस्तुको प्रकृति र न्यूनतम परिमाण निर्धारण गर्ने,
- बजार व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था गर्ने तथा पारिश्रमिक सेवा शर्त तथा सुविधा निर्धारण गर्ने,
- बजार प्रबर्द्धन गर्ने सिलसिलामा बजारको स्थापना वा नेपाल सरकार वा अन्य निकायबाट निर्मित वा संचालित बजारहरुलाई संचालन गर्ने अभिप्रायले आफनो कार्य क्षेत्र बिस्तार गर्ने
- कृषि बस्तुहरुको प्याकेजिङ्ग, ग्रेडिङ्ग तथा गुणस्तर सम्बन्धी प्रोत्साहानमूलक कार्य गर्ने,
- फलफूल तथा तरकारी उत्पादक, थोक तथा खुद्रा व्यापारीहरुको लागि बजार सुविधा उपलव्ध गराउने,
- बजार सेवा/सुविधा उपलव्ध गराए बापतको सेवा शुल्क निर्धारण गर्ने,
- बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो को समाधान गर्ने,
- बजार क्षेत्रलाई सफा सुघर राखी स्वस्थ बातावरण कायम गर्ने,
- समितिको लागि आवश्यक जनशक्ति बिकास सम्बन्धी कार्य गर्ने,
- बजार व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने ,
- कृषि बस्तुको खरीद विक्री संग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने ।

## ३ निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

कर्मचारी सेवा शर्त नियमावली, २०६० को अनुसुची १ र २ मा उल्लेख भएनुसार समितिमा देहाय अनुसारको कर्मचारीहरु रहने व्यवस्था छ । कर्मचारीहरुको कार्य विवरण तोकिए बमोजिम रहेको छ ।

### कर्मचारी दरबन्दी बिबरण

| क.सं. | पद | तह | सेवा/समूह | पद सँख्या |
|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | विशिष्ठ | | १ |
| २. | सहायक कार्यकारी निर्देशक | १० | | १ |
| ३. | निर्देशक | ९ | | १ |
| ४. | उप-निर्देशक | ८ | प्राविधिक/बजार | १ |
| ५. | उप-निर्देशक | ८ | प्रशासन | १ |
| ६. | बरिष्ठ प्रशासकिय अधिकृत | ७ | प्रशासन/सा.प्रशासन | १ |
| ७. | बरिष्ठ लेखा अधिकृत | ७ | प्रशासन/लेखा | १ |
| ८. | बरिष्ठ योजना अधिकृत | ७ | प्राविधिक/बजार | १ |

| | | | | |
|---|---|---|---|---|
| ९. | बरिष्ठ बजार संचालन अधिकृत | ७ | प्राविधिक/बजार | १ |
| १०. | बरिष्ठ कानुन अधिकृत | ७ | प्रशासन/कानुन | १ |
| ११. | प्रशासकिय अधिकृत | ६ | प्रशासन/सा.प्रशासन | २ |
| १२. | लेखा अधिकृत | ६ | प्रशासन/लेखा | २ |
| १३. | योजना अधिकृत | ६ | प्राविधिक/बजार | १ |
| १४. | बजार सञ्चालन अधिकृत | ६ | प्राविधिक/बजार | ३ |
| १५. | अनुगमन तथा निरिक्षण अधिकृत | ६ | प्राविधिक/बजार | १ |
| १६. | कानून अधिकृत | ६ | प्रशासन/कानून | १ |
| १७. | सहायक प्रशासक | ५ | प्रशासन/सा.प्रशासन | २ |
| १८. | नीजि सहायक | ५ | प्रशासन/सा.प्रशासन | १ |
| १९. | स्टोर किपर | ५ | प्रशासन/सा.प्रशासन | १ |
| २०. | लेखापाल | ५ | प्रशासन/लेखा | ३ |
| २१. | क्यासियर | ५ | प्रशासन/लेखा | १ |
| २२. | निर्माण तथा योजना सहायक | ५ | प्राविधिक/बजार | २ |
| २३. | तथ्यांक तथा सूचना सहायक | ५ | प्राविधिक/बजार | ३ |
| २४. | निर्माण तथा बजार सहायक | ५ | प्राविधिक/बजार | २ |
| २५. | सहायक बजार निरिक्षक | ५ | प्राविधिक/बजार | ३ |
| २६. | सहायक सरसफाई निरिक्षक | ५ | प्राविधिक/बजार | १ |
| २७. | बजार सहायक | ५ | प्राविधिक/बजार | २ |
| २८. | सूरक्षा इन्चार्ज | ५ | प्रशासन/सा.प्रशासन | ३ |
| २९. | भारी सवारी चालक | विहिन | प्राविधिक/सा.प्रशासन | २ |
| ३०. | हल्का सवारी चालक | विहिन | प्राविधिक/सा.प्रशासन | २ |
| ३१. | सूरक्षा गार्ड | विहिन | प्रशासन/सा.प्रशासन | २५ |
| ३२. | कार्यालय सहयोगी | विहिन | प्रशासन/सा.प्रशासन | ७ |

## ४ निकायबाट प्रदान गरिएका सेवा सुविधाहरु

### समितिले सँचालन गरेका बजारहरु

| बजार | क्षेत्रफल | प्रमुख कारोवार/अवस्था |
|---|---|---|
| कालीमाटी बजार | ४५ रोपनी क्षेत्रफल | विशेषत: थोक कारोवार |
| वालाजु बजार | २ रोपनी १२ आना | विशेषत : खुद्रा कारोवार |
| चोभार बजार | २३ रोपनी | फलफूल तथा पुष्प बजार निर्माणाधिन |
| नौविसे केन्द्र | ४ रोपनी ८ आना | प्रस्तावित सङ्कलन केन्द्र |

### कालीमाटी वजार भित्रका कारोवार स्थल

**(क) थोक कारोवार स्थल :**

कालीमाटी बजारमा थोक कारोबारको बाहुल्यता रहेको छ । नियमावलीमा भएको प्रावधान अनुसार ९ प्रतिशत स्थान सहकारी संघ-संस्था तथा कृषक समूहहरुको लागी व्यवस्था गरिएकोछ । थोक स्थललाई पनि आलु प्याज, ताजा तरकारी, फलफूल तथा माछा कारोवारको आधारमा वर्गीकरण गरिएको छ । थोक वजारस्थल भित्र न्यूनतम कारोबारको परिमाण ५ के.जी. निर्धारण गरिएको छ । थोक वजारस्थलका प्रमुख ग्राहकका रुपमा अन्य वजारहरुका थोक तथा खुद्रा व्यापारीहरु साइकल व्यापारीहरु, होटेल, रेष्टुरेन्ट, होस्टेल, स्कूल तथा आम उपभोक्ताहरु प्रमुख रुपमा रहेका छन् ।

**(ख) खुद्रा कारोवार स्थल :**

तोकिएको थोक परिमाण भन्दा कम खरिद गर्न चाहने उपभोक्ताका लागि आलु, प्याज, कागती, ताजा तरकारी र अदुवा लसुन जस्ता मसलाजन्य वस्तुको कारोवार हुने खुद्रा बजारको पनि व्यवस्था रहेकोछ ।

**(ग) कृषक कारोवार स्थल :**
स्थानीय कृषकले उत्पादन गरेको ताजा तरकारी तथा हरिया सागपात कृषक स्वयमले बेचविखन गर्नका लागि खुद्रा बजारसँगैको सेड तथा सो वरिपरिको खुला स्थान कृषक वजारको लागि छुट्याइएकोछ । कृषक वजार बिहान सबेरै देखि १०:०० बजेसम्म र अपरान्ह ३:०० बजे देखि अवेर साँझसम्म गरी दैनिक रुपमा दुई सिफ्ट सँचालन हुने गर्दछ । कृषक वजारमा विशेषत: काठमाडौं उपत्यका कै कृषकहरुको बाहुल्यता रहने गरेको छ ।

**(घ) माछा कारोवार स्थल :**
समितिको वजार क्षेत्रभित्रको टंकेश्वर मार्गमा माछा वजार रहेको छ । उक्त वजारमा स्वदेश तथा विदेशवाट आयात गरिएका विविध जातका ताजा माछाहरुको थोक तथा खुद्रा कारोवार हुने गरेको छ ।

**(ङ) फलफूल कारोवार स्थल :**
समितिको वजार क्षेत्रभित्रको टंकेश्वर मार्गमा रहेको सेड र बजार परिसरका अन्य स्थानमा रहेका सटर र संरचनाहरु फलफूल कारोवारका लागि उपलब्ध गराईएकोछ । फलफूल बजारमा विशेषत : स्वदेशी मौसमी फलफूलका साथै तथा विदेशी फलफूलहरु समेत कारोबार हुने गरेको छ ।

**(च) अन्य सुविधाहरु :**
कालीमाटी बजारमा मल तथा विउविजन, दुध तथा दुधजन्य पदार्थ, चमेनागृह, भोजनालय, गोदाम, बैंक, कार्यालय, धर्मकाँटा, शौचालय जस्ता सेवामुलक सरसुविधाको समेत व्यवस्था रहेको छ ।

## कालीमाटी बजारमा कार्यरत व्यवसायीको संख्या :

| बर्गीकरण | कार्यरत व्यवसायी संख्या |
|---|---|
| **थोक तर्फ :** | **४५०** |
| • ताजा तरकारी | ३०८ |
| • आलु प्याज | ९१ |
| • माछा | २६ |
| • फलफूल | १५ |
| • मसलाजन्य (अदुवा/लसुन) | १० |
| **खुद्रा तर्फ :** | **५९** |
| • ताजा तरकारी | ४५ |
| • आलु प्याज | ११ |
| • मसलाजन्य (अदुवा/लसुन) | ३ |
| **अन्य सेवामूलक तर्फ :** | **४५** |
| • विउविजन | २ |
| • दुध तथा दुधजन्य पदार्थ | २ |
| • च्याउ | १ |
| • चमेनागृह/भोजनालय | ४ |
| • गोदाम/केज | ३६ |
| **कार्यालय सँचालनतर्फ :** | **७** |
| • बैंक | १ |
| • सहकारी संस्था | २ |
| • संघसंस्था | ३ |
| • विषादी अवशेष द्रुत विश्लेषण इकाई | १ |
| **विविध सेवा सँचालनतर्फ :** | **५** |
| • मोटरसाइकल पार्किङ्ग | १ |
| • प्रवेशशुल्क संकलन | १ |

| | |
|---|---|
| • शौचालय सँचालन | १ |
| • बजार सरसफाई | १ |
| • बजार सुरक्षा | १ |
| **कुल :** | **५६६** |

**कृषि उपज बजार , बालाजु**

काठमाडौं महानगरपालिका वडा नं. १६ स्थित मत्स्य विकास केन्द्रको हातासंगै कृषि उपज बजार, बालाजु रहेको छ। यस बजारले २.५ क्षेत्रफल ओगटेको छ।

**कृषि उपज बजार, बालाजुमा कार्यरत व्यवसायीको संख्या :**

| बर्गीकरण | कार्यरत व्यवसायी संख्या |
|---|---|
| **सटर तर्फ :** | **१०** |
| • ताजा तरकारी आलुप्याज | ९ |
| • माछा | १ |
| **भवन तर्फ खुद्रा :** | **१६** |
| **सेड तर्फ खुद्रा :** | **२८** |
| **अन्य :** | **२** |
| • चमेनागृह | १ |
| • शौचालय सँचालन तथा बजार सरसफाई | १ |
| **कुल :** | **५६** |

**बजार सम्बध्द सेवाहरु**

वजारसँग आवध्द कृषक, व्यापारी, वजार उपयोगकर्ता, ढुवानीकर्ता, सम्बद्ध व्यवसायी तथा आम उपभोक्ताहरुको हित संरक्षण तथा सेवा र सुविधाको लागि समितिले दैनिक तथा नियमित रुपमा विभिन्न प्रकारका सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ।

- वजार सूचना सेवा (Website : www.kalimatimarket.gov.np) (Notice Board No. 1618070766666)
- फोहरमैला सङ्कलन तथा व्यवस्थापन
- वजार सुरक्षा सेवा (सुरक्षागार्ड, सिसि क्यामरा र माइकिङ्ग सिस्टमको व्यवस्था)
- विषादी अवशेष द्रुत विश्लेषण/परीक्षण
- बैकिङ्ग सेवा
- Weighbridge सँचालन
- बजार प्रयोगकर्ताको लागि पार्किङ्ग सुविधा
- नापतौल तथा गुणस्तर परीक्षणमा सहजीकरण
- विद्युत सवस्टेशन,
- २५० KVA क्षमताको जेनेरटर,
- १६०००० ली पानी भण्डारण क्षमताको पानी ट्याङ्की सहितको डिप ट्युबवेल,
- शौचालयहरु,
- पार्किङ स्थल,
- लोडिङ.अनलोडिङ्ग क्षेत्र, आदि

## बजार कारोवार प्रकृति

### कृषि वस्तुहरुको आधारमा आगमन स्थिति

- आ.ब. २०७९।८०, माघ–चैत्र, आगमन परिमाण ७२,८३९ मे.टन.




### प्रमुख आपूर्ति क्षेत्रको आधारमा_आगमन स्थिति



## ५ सेवा प्रदान गर्ने शाखा, जिम्मेवार अधिकारी

कर्मचारी सेवा शर्त नियमावली, २०६० को अनुसुची १ मा देहाय अनुसारको संगठन तालिकाको व्यवस्था छ । समितिको विभिन्न नियमावली र कर्मचारीहरुको कार्य विवरणमा सेवा प्रदान गर्ने कर्मचारी, शाखा, तालुक र जिम्मेवार अधिकारीको वारेमा उल्लेख छ ।




## ६. लाग्ने दस्तुर र अवधि

समितिले उपलव्ध गराएको सेवा सुविधा बापत लाग्ने दस्तुर र अवधिका वारेमा नियमानुसार हुने र यस सम्वन्धमा नागरिक वडापत्रमा पनि सार्वजनिकरुपमा जारी गरिएको छ ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारी:

समितिको गठन आदेश र विभिन्न नियमावलीमा भएको व्यवस्थानुसारको अधिकारीबाट निर्णय हुने व्यवस्था रहेको छ । समितिको नीतिगत तहका विषय, गठन आदेश समितिलाई तोकिएका समितिका काम कारवाही तथा वार्षिक कार्यक्रम बजेटका सम्बन्धमा समितिबाट निर्णय हुने गरेको छ । समितिको व्यवस्थापकिय तहका काम कारबाहीमा सम्बन्धमा नियमावलीमा भएको व्यवस्थानुसार शाखागत तह तथा सो भन्दा माथिका तह र कार्यकारी निर्देशक स्तरबाट हुने गरेको छ । नियमावलीमा उल्लेख नभएका सम्बन्धमा समिति समक्ष पेश गरि निर्णय गर्ने गरिएको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

शाखागत तहबाट भएका काम कारवाही र निर्णयका उजुरीका सम्बन्धमा कार्यकारी निर्देशकबाट र कार्यकारी निर्देशक स्तरबाट भएका निर्णयका उजुरी सम्बन्धमा समितिबाट सुनवाही हुने व्यवस्था रहेको छ ।

## ९. सम्पादन गरेको प्रमुख कामको विवरणः

**बजार संचालन, व्यवस्थापन र अनुगमनः** समिति अन्तर्गतको कालीमाटी बजार र बालाजु बजार दैनिक र नियमितरुपमा संचालन भएको । बजार संचालन र व्यवस्थापनलाई बढि प्रभावकारी बनाउन बजार संचालन र व्यवस्थापन तर्फका कर्मचारीहरुलाई विशेषतः कारोबारको मुख्य समय बिहानको सिफ्टमा विशेष क्रियाशिल गराइएको ।

१. **बजार संचालन, व्यवस्थापन र अनुगमनः**
   - समिति अन्तर्गतको कालीमाटी बजार र बालाजु बजार दैनिक र नियमितरुपमा संचालन भएको ।
   - बजार संचालन र व्यवस्थापनलाई बढि प्रभावकारी बनाउन बजार संचालन र व्यवस्थापन तर्फका कर्मचारीहरुलाई विशेषतः कारोबारको मुख्य समय बिहानको सिफ्टमा विशेष क्रियाशिल गराइएको ।

२. **बजार निर्माण तथा मर्मत सम्भारः**
   - कालीमाटी थोक बजार तर्फ जिर्ण भएको सहकारी टहरा निर्माण कार्य सम्पन्न भएको । २१ स्टल भएको टहरा निर्माणका कार्य चालु भई सम्पन्नको अन्तिम चरणमा रहेको ।
   - बजार क्षेत्र भित्रका ३८ र ४६ टहराको Design Estimate पूनर्वालोकन, निर्मित संरचनाहरुको नक्सा पास अद्यावधिकरण तथा चालु निर्माण कार्यको सुपरि भिजनका लागि परामर्श सेवा अन्तर्गत परामर्शदाताको चयन भएको ।
   - कालीमाटी बजार तथा बालाजु बजार क्षेत्रभित्र विविध निर्माण मर्मत सुधारका कार्यहरु संचालनमा रहेको ।

३. **स्टल वितरणः** कालीमाटी बजार तथा कृषि उपज बजार बालाजूमा रिक्त रहेका थोक तथा खुद्रा र सहकारी/कृषक समूहहरुको लागि छुट्याईएको ३२ वटा स्टलहरु वितरणको लागि प्राप्त आवेदहरुको मूल्यांकनका लागि उपसमिति गठन भई क्रियाशिल रहेको ।

४. **उप समितिहरुको गठनः** हाल कार्यरत व्यवसायीहरुको १५ वर्षे सम्झौता २०८० असार मसान्तमा सकिने सन्दर्भमा आवश्यक सुझाव पेश गर्न, भोजनालय तथा बालाजु बजारका केहि सटरहरु पटक पटक बोलपत्र आव्हान गर्दा पनि बोलपत्र नपरेको कारणले भाडा दर पुनर्मूल्यांकन गर्न, तरकारी जन्य वस्तुहरुले उचित बजार र मूल्य नपाएको भनि सडकमा फालेको सन्दर्भमा समितिको भूमिका अध्ययन गर्न, कर्मचारी सेवा सुविधा प्रोत्साहन लगायतका विषयमा समितिलाई सुझाव तथा प्रतिवेदन पेश गर्नका लागि उप समितिहरु गठन गरिएको ।

५. **व्यवसायीहरु संगको मुद्दा मामिला सम्बन्धमाः** समितिको निर्णयानुसार मिलापत्र सम्बन्धी कार्य अघि बढेको ।

६. **Online Payment:** समितिको बजार क्षेत्र भित्र कार्य गर्ने व्यवसायीहरुले बुझाउनु पर्ने भाडा तथा शुल्क Online मार्फत बुझाउन सकिने व्यवस्था कार्यन्वयनमा आएको ।

७. **SMS Alert System:** समितिको बजार क्षेत्र भित्र आगमन हुने कृषि उपज सम्बन्धी जानकारी तत्काल सम्बन्धित व्यवसायीहरुलाई जानकारी गराउनका लागि SMS Alert System को शुरुवाग गरिएको ।

८. **अन्तरक्रियाः** बजार सरोकारवाला, व्यवसायीहरु तथा विज्ञहरुको उपस्थितिमा वातावरण सुधार र बजार समय निर्धारण सम्बन्धी अन्तरक्रिया, समसामयिक विषयमा अन्तरक्रिया र कृषकहरुका लागि दोलखा र काभ्रेका कृयकहरु संग स्थलगत विल विजक प्रयोथ सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।

९. **बजार सरसफाइ र व्यवस्थापनः** बजार क्षेत्र भित्र उत्पन्न हुने फोहरमैला संकलन र व्यवस्थापन गर्ने कार्य दैनिक तथा नियमित रुपमा भएको । बजार सरसफाई तथा सचेतना सम्बन्धी स्थलगत कार्यक्रम सम्पन्न भएको ।

१०. **बजार सूचना सेवाः** बजार क्षेत्र भित्रको आगमन परिमाण, थोक तथा खुद्रा मूल्य संकलन गरि सफ्टवेयरको प्रयोगद्वारा सूचनाहरु प्रशोधन गरि समितिको वेव साइट www.Kalimatimarket.gov.np र Kalimati Market APP मा दैनिक तथा नियमित रुपमा अद्यावधिक गर्ने गरिएको । सूचनाहरुलाई Email र नोटिस वोर्ड सेवा माध्यमबाट समेत सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको ।

११. **अध्ययन अवलोकनः** समिति अन्तरगत कार्यरत व्यवरायीहरुको लागि पोखरा, स्याङ्जा, पाल्पा, बुटवल र चितवन लगायतका अन्तरदेशिय बजार र कृषि उत्पादन क्षेत्रहरुको अध्ययन अवलोकन कार्य सम्पन्न भएको ।

१२. **वार्षिककोत्सवः** समितिको २८ औ वार्षिक उत्सब कार्यक्रम माननिय कृषि तथा पशुपन्छी बिकास मन्त्री श्री ज्वाला कूमारी शाहज्यूको प्रमुख आतिथ्यमा २०७९ फागुन १ गते सम्पन्न भएको ।

१३. **वार्षिक पूस्तिका प्रकाशनः** समितिको परिचय, बजार वस्तु स्थिति, आर्थिक विवरण, बजार तथ्याङ्क, पदाधिकारी तथा कर्मचारीहरुको विवरण, कार्यरत व्यवसायीहरुको विवरण लगायतका विषय वस्तु समावेश गरिएको वार्षिक पूस्तिका २०७८।७९ प्रकाशन गरिएको ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारी को नाम र पदः

| | |
|---|---|
| **कार्यकारी प्रमुखको** | नामः डाल प्रसाद पुडासैनी |
| | पदः कार्यकारी निर्देशक |
| **सूचना अधिकारीको** | नामः विनय श्रेष्ठ |
| | पदः उप निर्देशक |

## ११. ऐन, नियम, विनियम तथा निर्देशिकाको सुचीः

- कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति गठन आदेश, २०५८
- कर्मचारी सेवा शर्त नियमावली, २०६०
- बजार बिकास तथा संचालन नियमावली, २०६०
- खरिद नियमावली, २०७३
- आर्थिक कार्यविधि नियमावली, २०७३

## १२. समितिको आ.ब. २०७९।८० माघ देखि चैत्र सम्मको आम्दानी विवरणः

| | | |
|---|---|---|
| **५०१** | **भाडा** | **३१८९६०९७९७** |
| ५०१.१ | थोक बजार | १६१७५५५३।२२ |
| ५०१.२ | खुद्रा बजार | १९११०१९।७ |
| ५०१.३ | चमेना गृह | १७२३३८४ |
| ५०१.७ | माछासेड | ३६९६४४ |
| ५०१.८ | सटर | ४६९९२१५।५ |
| ५०१.९ | फलफुल बजार | १६१७३२४ |
| ५०१.१० | बहुउद्धेशिय कोठा | ८०६६१५।३४ |
| ५०१.११ | केज | २८०६४२६ |
| ५०१.१२ | सहकारी स्टल | ४०१५१३।२१ |
| ५०१.१३ | माछा बजार | १३८५४०३ |
| | **शूल्क** | **१५०१७७९०।५६** |
| ५०२ | प्रबेश शुल्क | ३७६८००० |
| ५०४ | बिद्यूत महसूल | ८६६५४२।१७ |
| ५०६ | विलम्ब शुल्क | ४९९६३७।७३ |
| ५०७ | शौंचालय शुल्क | ११८२८५३।५९ |
| ५०८ | जरिवाना | ३८०० |
| ५१० | टेण्डर फर्म | १८०६३० |
| ५११ | ब्याज | ६३९१५५५।४४ |
| ५१४ | पार्किङ्ग शूल्क | २४०००० |
| ५२१ | अन्य शुल्क | ७२६५८५।५ |
| ५२२ | नविकरणरइजाजत | ८५२० |
| ५२३ | किसान बजार | २९७५०० |
| ५२४ | सरसफाई सेवा शूल्क | ७५६१६६।१३ |
| ५२५ | पानी महसूल | ९६००० |
| | **जम्मा** | **४६९१३८८८।५३** |

## १३. समितिको आ.ब. २०७९।८० माघ देखि चैत्र सम्मको खर्च विवरणः

| **बजार संचालन खर्च** | **३७२३९३०।५९** |
|---|---|
| बिधुत | १०२३८६९ |
| पानी | ४६२९९ |
| इन्धन (सवारी प्रयोजन) | ४४८६२२ |
| टेलिफोन टंक | १६००० |
| सूचना प्रवाह□प्रसार | ४९३३५८ |
| फोहोर मैला व्यवस्थापन | १३५०४५० |
| मसलन्द | ४२८६३ |
| छपाई | ९७६३२ |
| पत्र पत्रिका तथा पुस्तक | ५८०० |
| बजार सम्पति बिमा | १७०८५।६ |
| मर्मत सम्भार (बजार संरचना) | ४३२१५ |
| मर्मत सम्भार (अन्य) | ७२२११।९९ |
| अन्य खर्च | ६६५२५ |
| **कर्मचारी खर्च** | **८५६८६२८।४८** |
| तलब | ६४९१९९०।४८ |
| खाजा खर्च | ६४५२०० |
| महँगी भत्ता | ३१६६०० |
| तालिम | २१०१२४ |
| कर्मचारी बिमा | ४०० |
| यातायात खर्च | २४३२६४ |
| सुरक्षा सेवा खर्च | ६६१०५० |
| **प्रशासनिक खर्च** | **८१४१७७** |
| विविध भैपरी आउने खर्च | ३१४५८७ |
| परामर्श सेवा शुल्क | ४९९५९० |
| **अन्य खर्च □व्यवस्था** | **४८४४८५** |
| समिति□उपसमिति खर्च | १३३०३० |
| सभा समारोह खर्च | ३५१४५५ |
| **पुँजीगत खर्च** | **४२५३४९९।६९** |
| भवन निर्माण | ४२५३४९९।६९ |
| **जम्मा** | **१७८४४७२०।८** |

# १४. अन्य विवरण

## आ.ब. २०७९।८० माघ देखि चैत्र सम्मको महिनागत औषत थोक मूल्य विवरण

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य | | |
|---|---|---|---|
| | रु./प्रति के.जी. | | |
| | २०७९ | २०७९ | २०७९ |
| | माघ | फागुन | चैत्र |
| ठूलो गोलभेडा(नेपाली) | ४९।४४ | ५२।६४ | ५३।०६ |
| ठूलो गोलभेडा(भारतीय) | ४९।७८ | ५३।८६ | ५४।८३ |
| सानो गोलभेडा(लोकल) | १५।०२ | २२।०३ | ३२।१३ |
| सानो गोलभेडा(टनेल) | १६।५७ | २२।२० | ५०।१० |
| सानो गोलभेडा(भारतीय) | २५।७२ | ३२।२७ | ४४।२३ |
| सानो गोलभेडा(तराई) | २६।६५ | ३१।५७ | ४३।४० |
| रातो आल□ | ३०।५३ | २६।३६ | २५।७६ |
| रातो आलु(भारतीय) | २५।८८ | २२।३८ | २२।३९ |
| रातो आलु(मुडे) | । | । | ४२।३३ |
| सेतो आल□ | २१।५८ | १८।०४ | १९।५१ |
| सुकेको प्याज(भारतीय) | ४०।६७ | ३३।९१ | ३४।२३ |
| गाजर(लोकल) | २८।६८ | २८।४८ | ३९।०४ |
| गाजर(तराई) | २२।३७ | २२।२२ | २९।५२ |
| बन्दा(लोकल) | २०।४९ | १६।८३ | १३।१९ |
| बन्दा(तराई) | १९।४६ | १६।७३ | १३।४४ |
| बन्दा(नरिवल) | १९।९३ | १६।७४ | १३।७१ |
| स्थानीय काउली | ३८।९३ | २९।२९ | ५२।७६ |
| स्थानीय काउली(ज्याप□ | ५०।४४ | ३९।०४ | ६२।८९ |
| तराई काउली | ३१।३२ | १७।९४ | ४३।८९ |
| रातो मुला | ६९।५८ | ६६।३२ | ५९।८९ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य | | |
|---|---|---|---|
| | रु./प्रति के.जी. | | |
| | २०७९ | २०७९ | २०७९ |
| | माघ | फागुन | चैत्र |
| सेतो मुला(लोकल) | २१।६१ | २५।३६ | ३३।१० |
| सेतो मुला(हाइब्रीड) | ३२।५४ | ३४।०६ | ४२।७५ |
| लाम्चो भन्टा | ५७।८४ | ६६।९० | ४९।३१ |
| डल्लो भन्टा | ५८।९४ | ६६।२१ | ४९।८१ |
| बोडी(तने) | ८९।३३ | १७४।१७ | ९६।३९ |
| मकै बोडी | ६२।१२ | १५५।०० | १४५।२१ |
| मटरकोशा | ५६।५३ | ५९।४४ | ७९।७१ |
| घिउ सिमी(लोकल) | ६२।१८ | ७७।३८ | ६४।०६ |
| घिउ सिमी(हाइब्रीड) | ७८।०४ | ९६।५४ | ७९।८३ |
| घिउ सिमी(राजमा) | ८८।९२ | ९८।४५ | ११४।८३ |
| टाटे सिमी | ५७।४४ | ८३।३० | ६५।५७ |
| तितो करेला | ११७।८० | १३६।०८ | ११२।३३ |
| लौका | ५७।०५ | ५६।५० | ५५।३३ |
| परवर(लोकल) | । | घघघघ | १०९।१३ |
| परवर(तराई) | । | १८५।२१ | १०१।९५ |
| चिचिण्डो | । | । | ७५।०० |
| घिरौला | । | १२३।२२ | ९५।१४ |
| झिगनी | । | । | ८५।०० |
| पाकेको फर्सी | ४०।१७ | ४०।४४ | ४४।७७ |
| हरियो फर्सी(लाम्चो) | २३।३४ | २१।३६ | ४४।५४ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य | | |
|---|---|---|---|
| | रु./प्रति के.जी. | | |
| | २०७९ | २०७९ | २०७९ |
| | माघ | फागुन | चैत्र |
| हरियो फर्सी(डल्लो) | २३।९६ | २२।९७ | ४४।४४ |
| सलगम | ५०।०६ | ५६।०१ | ६६।९० |
| भिण्डी | १२६।८२ | १२७।६२ | ११०।९२ |
| सखरखण्डा | ७३।७७ | ७५।१६ | ७४।७२ |
| बरेला | ५५।४७ | ४४।७४ | ६६।५० |
| पिंडाल□ | ४५।६० | ४९।९२ | ४६।०९ |
| स्कुस | ४५।५४ | ४३।३५ | ४६।५८ |
| रायो साग | ५१।७४ | ४२।६२ | ६१।३१ |
| पालुगो साग | ७९।९८ | ५४।०० | १०८।६७ |
| चमसुरको साग | ८१।२७ | ५३।९१ | १११।०६ |
| तोरीको साग | ४३।६९ | २९।५४ | ४२।१७ |
| मेथीको साग | ७८।९७ | ५५।५२ | १०८।०६ |
| प्याज हरियो | ९४।४६ | ५२।०३ | ५१।१७ |
| बकुला | ६२।८२ | ६४।४९ | ६८।८३ |
| तरुल | ६५।३५ | ६३।९७ | ६७।६७ |
| च्याउ(कन्य) | १३९।८३ | १६१।२६ | १६९।०१ |
| च्याउ(डल्ले) | ३३५।५३ | ३०८।४० | २९८।४९ |
| करीलो | घघघघ | ८१८।३९ | ४३०।८३ |
| न्युरो | १०६।६७ | १०८।१० | ९४।४५ |
| ब्रोकाउली | ५१।६१ | ४८।८७ | ८५।४२ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य | | |
|---|---|---|---|
| | रु./प्रति के.जी. | | |
| | २०७९ | २०७९ | २०७९ |
| | माघ | फागुन | चैत्र |
| चक्कन्दर | ७३।९१ | ७४।७१ | ७५।११ |
| सजिवन | २७०।७४ | १८४।९४ | ११५।६१ |
| कोइरालो | । | २५५।४२ | १६६।६१ |
| बन्दा रातो | ७६।३८ | ७४।८३ | ६०।६७ |
| जिरीको साग | ५१।१८ | ५२।९९ | ४९।८९ |
| ग्याठ कोबी | ५५।८६ | ५६।६१ | ५९।११ |
| सेलरी | २३७।८२ | १६८।१० | १३४।८३ |
| पार्सले | ३६९।८३ | ३३४।९४ | २३३।११ |
| सौफको साग | ८०।६९ | ५५।९५ | १०८।३९ |
| पद्दीना | घघघघ | ३५०।६३ | २०२।३३ |
| गान्टे मला | ६१।५० | ६४।८३ | ६८।८३ |
| इमली | १४६।२७ | १४६।३२ | १५४।८९ |
| तामा | ९६।२० | ९६।३२ | ९५।५३ |
| तोफ□ | १२६।१९ | १२६।३२ | १२४।४५ |
| गन्द्रक्क | २७६।८४ | २७५।८३ | २७५।२८ |
| रुख टमाटर | ११५।९८ | ९९।२० | १४५।५६ |
| स्याउ(फ्रोले) | २६२।५० | २१०।४० | २०६।६१ |
| स्याउ(फजी) | २७५।६९ | २७५।९८ | २७०।९२ |
| केरा | १३५।२९ | १५०।५२ | १५०।२९ |
| कागती | १२७।५४ | २१०।०० | २६२।१४ |
| अनार | ३२७।२४ | २९२।०७ | २६८।८३ |
| अंगुरहरियो) | १७७।७६ | १३३।७१ | १३१।६९ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य | | |
|---|---|---|---|
| | रु./प्रति के.जी. | | |
| | २०७९ | २०७९ | २०७९ |
| | माघ | फागुन | चैत्र |
| अंगुर(कालो) | २८९।१४ | २११।३२ | १९७।१७ |
| सन्तला(नेपाली) | १५१।११ | १८८।०० | ७५।०० |
| सन्तला(भारतीय) | १३४।५२ | १२८।२२ | १४२।८३ |
| तरबुजा(हरियो) | ४५।९८ | ४०।२० | ४३।५१ |
| मौसम | १६५।८६ | १६५।६९ | १६८।३३ |
| जमार | २४८।७४ | २३४।०२ | २३५।४३ |
| भुई कटहर | १६५।८६ | १७३।०५ | १७९।५० |
| कांक्रो(लोकल) | ७७।२४ | १०२।१८ | ४९।५९ |
| कांक्रो(हाइब्रीड) | ४२।७३ | ४५।८४ | २५।०५ |
| रुख कटहर | १०७।११ | ९०।५५ | ८६।३९ |
| निबुवा | ६६।४९ | ७६।५४ | ७०।०० |
| नासपाती(चाइनिज) | २४६।९५ | २४१।३२ | २३५।१७ |
| मेवा(नेपाली) | ७२।८७ | ७१।२९ | ७४।४३ |
| मेवा(भारतीय) | ८७।३० | ९९।४३ | ९३।८५ |
| अम्बा | ११९।७७ | १४१।२३ | २१२।८१ |
| लप्सी | १५८।०५ | २६७।६४ | ३६१।०० |
| उख□ | ८१।४४ | ८१।९५ | १२५।१७ |
| किन□ | १२९।९१ | १३०।४३ | १३५।५२ |
| स्ट्रबेरी (भुईऐसेल□ | ३७९।६० | ३४३।१० | ३१०।८३ |
| किवि | ३०२।८७ | ४०५।७५ | ४४७।५० |
| आभोकाडो | ३३४।७७ | ५०१।७२ | ५१६।६७ |
| अमला | ६७।१३ | ८०।०० | १०५।७२ |

| कृषि उपजको नाम | मासिक औषत थोक मूल्य | | |
|---|---|---|---|
| | रु./प्रति के.जी. | | |
| | २०७९ | २०७९ | २०७९ |
| | माघ | फागुन | चैत्र |
| अदवा | ८४।१२ | ९३।९९ | ११३।३३ |
| सक्केको खर्सानी | ४४६।७२ | ४२५।९२ | ४५८।५० |
| हरियो खर्सानी | ७४।४० | १०४।५८ | ९४।१७ |
| खर्सानी हरियो(बलेट) | ७३।८३ | १०५।६३ | ९४।७७ |
| खर्सानी हरियो(माछे) | ८६।५९ | ८०।९२ | १०३।१७ |
| खर्सानी हरियो(अकबरे) | ३७९।८८ | २८३।५३ | २८५।०० |
| भेडे खर्सानी | ६२।२५ | ८५।४१ | ११८।६१ |
| हरियो लसन | ११२।१९ | ५१।३२ | ५३।२२ |
| हरियो धनिया | ८६।३० | ३७।६२ | ३९।०२ |
| सक्केको चाइनिज लसन | १८५।२८ | १८४।१४ | १७५।३१ |
| सक्केको नेपाली लसन | ८८।६८ | १०३।९२ | १११।३३ |
| सक्केको छ्यापी | ३०१।७३ | ३२३।४६ | २९०।२८ |
| हरियो छ्यापी | ९४।८८ | ९७।८२ | ६९।७८ |
| ताजा माछा(रहु□ | ३७२।४५ | ३४८।०५ | ३४५।३१ |
| ताजा माछा(बचुवा) | २७६।२१ | २७२।२४ | २७६।९४ |
| ताजा माछा(छडी) | २६२।८७ | २६३।४५ | २७३।०० |
| ताजा माछा(मंगुरी) | २८९।८८ | ३१६।०३ | ३१४।४४ |

# आ.ब. २०७९।८० माघ देखि चैत्र सम्मको महिनागत आगमन विवरण

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | |
|---|---|---|---|
| | २०७९ | २०७९ | २०७९ |
| | कार्तिक | मंसिर | पौष |
| ठूलो गोलभेडा | ११४६००० | ४८५२६० | १५६४१०० |
| सानो गोलभेडा | २५५४६८५ | २९५५६८५ | २८८७७६३ |
| रातो आल□ | ५३७८४५० | ४८५०६२५ | ३६४४५५० |
| सेतो आल□ | ६५६०० | | ५६६० |
| सुकेको प्याज | ३३३६००४ | ३३७०२६६ | ३४७५४५० |
| गाजर | १२७२६०० | १५४६००५ | १०७९६२० |
| बन्दा | ९६९५५८ | १०९८४४४ | ९३९२७१ |
| काउली | २१४३९६६ | १९०५३९४ | १०७७०३२ |
| रातो मूला | १५०० | २०६५ | |
| सेतो मूला | ७२३०६७ | ५११७८५ | ५७५१४९ |
| लाम्चो भन्टा | २१७९७० | २२९७७९ | ४३३३२७ |
| बोडी | ९५२७ | ३२०० | ३४०१९२ |
| मटरकोशा | ९४१०९२ | ६३१८२५ | २८८६९६ |
| घिउ सिमी | ५५७९३८ | ५४८७९८ | ७३७६१८ |
| टाटे सिमी | १०५१०० | ८७०० | ४७९०६ |
| तितो करेला | १८१०६५ | २७९५८५ | ३४४९४६ |
| लौका | १३९७५२ | १४८२७० | २३७७९८ |
| परवर | ६५० | ४९८९० | २०८६१९ |
| चिचिण्डो | | | 1190 |
| घिरौला | 900 | 66750 | 354231 |
| झिगानी | | 200 | 21000 |
| पाकेको फर्सी | 369580 | 271050 | 279620 |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | |
|---|---|---|---|
| | २०७९ | २०७९ | २०७९ |
| | कार्तिक | मंसिर | पौष |
| हरियो फर्सी | 349158 | 324580 | 353876 |
| भिण्डी | 176245 | 325040 | 305497 |
| सखरखण्डा | 33160 | 6690 | 4330 |
| बरेला | 89940 | 106560 | 46015 |
| पिंडाल□ | 37375 | 10450 | 3634 |
| स्कुस | 104495 | 135658 | 89551 |
| रायो साग | 193944 | 145817 | 260210 |
| पालुंगो साग | 48290 | 48790 | 50700 |
| चमसुरको साग | 20560 | 37400 | 24130 |
| तोरीको साग | 550 | 11620 | 15850 |
| मेथीको साग | 6380 | 23052 | 17780 |
| प्याज हरियो | 60940 | 90190 | 121734 |
| बकुला | 54275 | 31903 | 14008 |
| तरुल | 107840 | 63610 | 23852 |
| च्याउ | 41326 | 29330 | 40395 |
| कुरीलो | | | 4475 |
| न्युरो | | 3200 | 61000 |
| ब्रोकाउली | 386874 | 143468 | 39680 |
| चुकन्दर | 37600 | 52400 | 26640 |
| सजिवन | 80 | 6700 | 21260 |
| कोइरालो | 40 | 7390 | 25503 |
| सेलरी | | | 200 |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | |
|---|---|---|---|
| | २०७९ | २०७९ | २०७९ |
| | कार्तिक | मंसिर | पौष |
| इमली | 250 | 10500 | |
| तामा | | | 1000 |
| तोफ□ | 930 | 7700 | 13700 |
| स्याउ | 29424 | 20320 | 22900 |
| केरा | 25950 | 38450 | 34288 |
| कागती | 379515 | 299205 | 256875 |
| अनार | 500 | 1200 | 2040 |
| आप | 1190 | 300 | 7150 |
| अंगुर | 3200 | 16154 | 13710 |
| सुन्तला | 733105 | 130605 | 17090 |
| तरबुजा | 9450 | 50310 | 257000 |
| जुनार | 500 | | |
| भुई कटहर | | 85 | |
| कांक्रो | 679690 | 704908 | 1120072 |
| रुख कटहर | 55555 | 122055 | 318105 |
| निबुवा | 3060 | | |
| मेवा | 7420 | 14350 | 71450 |
| अम्बा | 22400 | 75 | |
| लप्सी | 10950 | 2000 | |
| खरबुजा | 750 | 65300 | 131850 |
| उख□ | | 15 | |
| किन□ | 200 | | |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | |
|---|---|---|---|
| | २०७९ | २०७९ | २०७९ |
| | कार्तिक | मंसिर | पौष |
| अमला | 8500 | 16400 | 1000 |
| अदुवा | 175003 | 94700 | 125312 |
| सुकेको खुर्सानी | 2230 | 1600 | |
| हरियो खुर्सानी | 452130 | 376678 | 424606 |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | |
|---|---|---|---|
| | २०७९ | २०७९ | २०७९ |
| | कार्तिक | मंसिर | पौष |
| भेडे खुर्सानी | 303415 | 340436 | 295505 |
| हरियो लसुन | 72684 | 42734 | 27419 |
| हरियो धनिया | 90142 | 65343 | 63322 |
| सुकेको लसुन | 6400 | 53100 | 59350 |

| कृषि उपजको नाम | मासिक आगमन परिमाण के.जी. मा | | |
|---|---|---|---|
| | २०७९ | २०७९ | २०७९ |
| | कार्तिक | मंसिर | पौष |
| हरियो छ्यापी | | | 575 |
| ताजा माछा | 505825 | 497990 | 434495 |
| अन्य | 27150 | 21670 | 13155 |

## १५. निकायको वेब साइट र सम्पर्क विवरण


कालीमाटी फलफूल तथा तरकारी बजार बिकास समिति, कालीमाटी, काठमाडौं, नेपाल

पोष्ट बक्स नं. २१५१२

टेलिफोन नं. ००९७७–०१–५१२३०८६

नोटिस वोर्ड सेवा – १६१८ ०७०७ ६६६६६

ईमेल - kalimatimarket@gmail.com

वेब साईट – www.kalimatimarket.gov.np

Facebook : https://www.facebook.com/kalimativegetablesmarket